नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं.: ०७६/७७
च.नं.: ४९

मिति २०७६।०८।०६

श्री स्थानीय तह (सबै),

विषय: राय उपलब्ध गराउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त च.नं. ५९ मिति २०७६।०८।०५ को पत्र तथा राष्ट्रिय लैङ्गिक समानता नीति, २०७६ को मस्यौदा यसैसाथ संलग्न छ । सो पत्रमा उल्लेख भएअनुसार सो नीतिको मस्यौदामा तहाँको राय १० दिन भित्र देहायको ईमेलमा उपलब्ध गराईदिनुहु निर्णयानुसार अनुरोध छ ।

Email:
Shankar9771@gmail.com

बोधार्थ:
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार ।
श्री सुचना प्रविधि शाखा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

..............
बन्दना कर्ण
शाखा अधिकृत

परिमार्जनका लागि सुझाव संकलन गर्न सार्वजनिक गरिएको मस्यौदा

सुझाव पठाउनु पर्ने ईमेल : shankar9771@gmail.com

सुझाव पठाउनु पर्ने समयसीमा : २०७६।०८।१५ गते साँझ ४:०० बजेसम्म

# राष्ट्रिय लैंगिक समानता नीति, २०७६

## १. पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका अनुरुप विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ । संविधानको धारा ३८ मा रहेको 'महिलाको हक' ले महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक र समानुपातिक समावेशी सिद्धान्त एवं सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने लगायतका हकको व्यवस्था गरेको छ । मौलिक हक सम्बन्धी सोही धाराले महिला विरुद्धका हिंसालाई दण्डनीय वनाउनुका साथै यस्तोमा क्षतिपूर्ति पाउने हक पनि सुरक्षित बनाएको छ । संवैधानिक व्यवस्थाका अतिरिक्त 'महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९' र सोको वैकल्पिक प्रोटोकललाई समेत अनुमोदन गरिसकेकोले नेपालको लैंगिक समानताप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत रहेको छ ।

लैंगिक समानताका लागि विगतका प्रयासहरुले महिलाको शिक्षा, स्वास्थ्य, सम्पतिमाथिको स्वामित्व तथा श्रम सहभागितामा सकारात्मक परिवर्तन भएका छन् । लैगिक समानता प्राप्तिका लागि निरन्तरको अभियान तथा शिक्षामा महिलाको बढ्दो पहुँचबाट लैंगिक समानताका क्षेत्रमा कानूनी रुपमा उपलब्धि हासिल भए तापनि सारभूत लैंगिक समानता स्थापित हुन सकेको छैन । महिला र पुरुषबीच अन्तरपुस्ता हस्तान्तरणबाट प्राप्त संस्कारजन्य श्रम विभाजनको संरचना एवं बालिकाको व्यक्तित्व विकास तथा महिलाको पेशा छनौटमा रहेको सामाजिक अवरोधमा क्रमशः परिवर्तन हुँदै गएको पनि छ । तथापि महिला तथा पुरुषबीच सारभूत लैंगिक समानता हासिल गर्न संविधानप्रदत्त 'महिलाको हक' लगायतका लैंगिक समानतासँग सम्बन्धित हकको पूर्ण कार्यान्वन र महिला तथा बालिकामाथि हुने विभेद हटाउनका लागि थप प्रयास आवश्यक रहेको छ । एकातितर महिला, बालिका र यौनिक तथा लैंगिक अल्पसंख्यकहरूले अझै पनि लैंगिक हिंसा र विभेद भोग्नु परेका दृष्टान्त भेटिन्छ भने छ भने अर्कोतिर गरिवी, वेरोजगारी, अशिक्षा, कुपोषण, अस्वस्थताबाट यिनै व्यक्तिहरु बढी प्रभावित रहेको छ ।

मुलुकले संघीय ढाँचाको शासकीय व्यवस्था अंगीकार गरेको र नयाँ शासकीय स्वरुप अनुरुप संघ, प्रदेश तथा स्थानीय सरकारहरुले संविधान अनुरुपका अभ्यास शुरु गरिसकेको अवस्था छ । यसै क्रममा विगतमा नेपाल सरकारबाट हुने गरेका कतिपय कार्यहरु हाल प्रदेश तथा स्थानीय तहमा हस्तान्तर भैसकेका छन् । तथापि ती तहहरुमा आवश्यक कानून, संयन्त्र, जनशक्ति तथा बजेटको अभावमा ती कार्य हुन नसकेकको संक्रमणको अवस्था उत्तपन्न भई महिला तथा बालबालिकाहरु प्रभावित हुने अवस्था सिर्जना भएको छ । तसर्थ लैंगिक समानताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दीगो विकासका लक्ष्य प्राप्ति र सारभूत लैंगिक समानताको स्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनउनु आवश्यक रहेको छ । यिनै पृष्भूमीमा सारभूत लैंगिक समानता स्थापनार्थ शासनका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न र योजना, नीति तथा कार्यक्रम एवं वार्षिक बजेट तथा सेवा प्रवाहलाई लैंगिकमैत्री बनाई विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि समग्र राष्ट्रिय नीतिको आवश्यकता भएकोले "लैंगिक समानता नीति, २०७६" जारी गरिएको छ ।

## २. विगतका प्रयासहरु

नेपालमा वि.सं. २०३८ देखि विकासमा महिलाको अवधारणा सहित महिलाहरूको सामाजिक आर्थिक सशक्तीकरणका लागि महिला विकास कार्यक्रमको सुरूवात भयो । समाजमा व्याप्त लैंगिक असमानतालाई

सम्बोधन गर्न नेपाल सरकारबाट महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ र बेईजिङ्ग कार्ययोजना, १९९५ अनुरूप लैंगिक समानता र महिला सशक्तिकरणका लागि २०६१ सालमा राष्ट्रिय कार्ययोजनाबनाई कार्यान्वयनमा ल्याइयो । विगतमा सहश्राब्दी विकास लक्ष्यमा आधारित राष्ट्रिय कार्यक्रम बनाई कार्यान्वयन गरियो जसबाट नेपालले लैंगिक सूचकहरुमा सकरात्मक सुधार पनि गर्यो । यसैगरी वर्तमानमा दीगो विकासको लक्ष्य सं. ५ मा उल्लेखित लैंगिक समानता र बालिका सशक्तीकरणकाको लक्ष्य प्राप्तिका लागि सूचकहरु निर्माण गरी कार्यान्वयनमा रहेको छ ।

नेपालको संविधानमा प्रतिबिम्बित लैंगिक समानताका मान्यता अनुरुप विभिन्न कानुनहरु संशोधन गरिनुका साथै मानव बेचविखन तथा ओसारपसार जस्ता अपराध र महिला माथि हुने हिंसालाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति तथा न्यायमा पहँचको लागि विशेष कानुनहरु कार्यान्वयनमा आएका छन् । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण ) ऐन, २०६४, घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६, बोक्सी आरोप (कसुर र सजाय) ऐन, २०७२, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, तथा सो सम्बन्धी नियमावलीहरु कार्यान्वयनमा रहेका छन् । महिला विरुद्ध हुने कुरीतिजन्य हिंसाहरुलाई मुलुकी फौजदारी सहिंता, २०७४ र मुलुकी देवानी सहिंता, २०७४ ले समेत सम्बोधन गरेको छ ।

छैठौं योजना (२०३७–२०४३) कालमा विकासमा महिलाको नामवाट सुरूवात गरिएको लैंगिक समानता तथा महिला सशक्तिकरणका प्रयासहरूलाई त्यसपछिका सबै आवधिक योजना बार्षिक नीति तथा कार्यक्रमहरूमा प्राथमिकताकासाथ निरन्तरता दिईएको छ । यसैगरी वि.सं. २०६४ देखि लैंगिक उत्तरदायी बजेट शुरु गरियो ।

### ३. वर्तमान स्थिति

नेपालको लैंगिक विकास सूचक (Gender Development Index) र लैंगिक सशक्तिकरण मापक (Gender Empowerment Index) क्रमशः ०.५३४ र ०.५६८ रहेको छ । विश्व आर्थिक मञ्च ( World Economic Forum ) द्वारा तयार पारिएको The Global Gender Gap Report,2018 मा नेपालको प्राप्ताङ्क ०.६७१ रही १४९ मुलुकहरू मध्ये १०५औं स्थानमा रहेको छ । महिला साक्षरताको दर ५७.७% मात्र रहेको छ । मातृ मृत्यूदरमा कमी आए पनि हाल प्रतिलाख जिवित जन्ममा २३९ रहेको छ । यसैगरी महिला श्रम सहभागिताको दर २६.३% मात्र रहेको छ ।

वर्तमान संविधानले परिलक्षित गरे बमोजिम स्थानीय तहमा ४१ प्रतिशत, प्रदेश सभामा ३४ प्रतिशत र संघीय व्यवस्थापिकामा ३३.५ प्रतिशत महिला निर्वाचित भएका छन् । सरकारी बजेट प्रणालीमा लैंगिक बजेटको अभ्यास बढ्दै गएको छ । आ व ०७६/०७७ मा लैंगिक उत्तरदायी बजेटको नेपालको वार्षिक बजेटको अंश ३८.१७% रहको छ ।

निजामती सेवा लगायत विभिन्न सरकारी तथा सार्वजनिक सेवाहरूमा सकारात्मक कार्यनीति अन्तर्गत महिलाहरूका लागि आरक्षणको व्यवस्था गरिएको छ । निजमाति सेवामा २३ प्रतिशत महिला कर्मचारी रहेका छन् । अन्य सरकारी सेवा तथा निजी क्षेत्रमा समेत महिलाको प्रतिनिधित्व बढ्दै गएको छ ।

महिलाको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि संचालित कार्यक्रमहरुले १२ लाख भन्दा बढी महिलाहरु सहकारीमा आवद्ध रही स्वरोजगार तथा उद्यमशीलता विकासमा सहभागी भएका छन् जुन कुल सहकारी सदस्यको ५०% भन्दा बढी हुनछ । यसैगरी सामुदायिक वनमा महिला सदस्यता दर कुल सदस्यताको ५३% रहेको छ । पारिश्रामिक पाउने काममा संलग्न महिलाको श्रम सहभागिता दर ४४.८ प्रतिशत पुगेको छ । महिलाको घरजग्गामा स्वामित्व २६ प्रतिशत पुगेको छ ।

## ४. समस्या तथा चुनौति

संवैधानिक तथा कानूनी उपलब्धी एवं सूचकांकमा देखिएका प्रगतिका वावजूद लैंगिक समानता कायम हुन सकेको छैन भने अझै पनि यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसाबाट बढी मात्रामा बालिका, किशोरी तथा महिलाहरू प्रभावित हुने गरेका छन् । महिनावारी, छाउपडी तथा सुत्केरी अवस्थामा छुन नहुने जस्ता विभेदपूर्ण कुरितिहरु अझै पनि विद्यमान छन् । लिङ्ग पहिचान गरी हुने गर्भपतन, बालविवाह, बहुविवाह, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारका नाममा हुने महिला एवं किशोरीको तस्करी लगायत लैङ्गितामा आधारित बालिका, किशोरी, महिला र लैंगिक एवं यौनिक अल्पसंख्यकमाथि हुने विभेद तथा शारीरिक, मानसिक तथा आर्थिक हिंसा अझै पनि विद्यमान छन् ।

लैंगिक समानता तथा महिला, बालिका एवं लैंगिक तथा यौनिक अल्पसंख्यकको सशक्तीकरणसँग सम्बन्धित बहुक्षेत्रगत बिषय हो । नेपालको लैंगिक समानता सम्बन्धी समग्र राष्ट्रिय नीति नहुँदा विभिन्न मन्त्रालयहरूको लैंगिक समानता कायम गर्ने क्षेत्रगत उद्देश्य तथा कार्यक्रमबीच प्रभावकारी सामाञ्जसयता कायम हुन सकेको छैन । राज्य संयन्त्रहरूमा लैंगिक लेखाजोखा, लैंगिक परीक्षण, लैंगिक विश्लेषण, अनुगमन र मूल्याङ्कनको पद्धतिलाई बढावा दिन सो विषयहरू बारे विज्ञता प्राप्त र तालिमप्राप्त जनशक्तिको अभाव छ । पारिवारिक र सामाजिक मूल्य मान्यता, सामाजिक सम्बन्ध र लैंगिक भूमिकामा परिवर्तन ल्याउने कार्य चुनौतिपूर्ण रहेको छ । महिलाको घरेलु श्रम र हेरचाहको कार्यलाई मूल्य कायम गरी राष्ट्रिय आर्थिक आयमा गणना गर्ने कार्य गर्नुका साथै स्रोत साधनको परिचालन, राज्यका सबै तह र निकायहरूमा लैङ्गिकताको दृटिकोणलाई मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु यस क्षेत्रका चुनौतिहरु हुन ।

## ५. नीतिको आवश्यकता

नेपालको संविधानले व्यवस्था गरेको मौलिक हकसँग सम्बन्धित विद्यमान कानूनको कार्यान्वयन तथा र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि सञ्चालित कार्यक्रमहरुबाट लैंगिक समानताका सूचकहरुमा सुधार आउने कुरा अपेक्षित छ । नेपालले संघीय ढाँचाको अभ्यास शुरु गरेको सन्दर्भमा संविधान तथा कानूनको कार्यान्वयनका लागि बन्ने कार्यक्रम तथा कार्ययोजनाहरुमा एकरुपता नआउने, समन्वय नहुने तथा दोहोरोपना देखिने जस्ता समस्या विद्यमान रहेका छन् । यसैगरी राष्ट्रिय लैंगिक नीतिको अभावमा विषय क्षेत्रगत नीतिहरुमा लैंगिक समानताका विषयको समुचित सम्बोधन नहुने जस्तो अवस्था विद्यमान रहेको छ । मुलुक संघीय अभ्यासमा रहेको एवं प्रदेशको अभ्यास नितान्त नौलो रहेको तथा स्थानीय तहको अभ्यास समेत स्थानीय सरकारको रुपमा रहेको सन्दर्भमा प्रदेश तथा स्थानीय तहका लैंगिक समानता नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुर्याउनका लागि पनि राष्ट्रिय लैंगिक नीतिको आवश्यकता रहेको छ । यसै सन्दर्भमा लैंगिक समानता कायम गर्ने दिशामा मुलुकले हासिल गरेको उपलब्धिलाई निरन्तरता दिंदै लैंगिक उत्तरदायी शासन पद्धतिलाई स्थानीय तह देखि नै संस्थागत गर्न समेत एउटा छाता नीतिको आवश्यकता रहको छ ।यसबाहेक नेपालले सन् २०३० सम्ममा दीगो विकासका लक्ष्य हासिल गर्ने उद्देश्यलेदीगो विकासको मार्गचित्र समेत तयार गरिसकेको छ । राष्ट्रिय मार्गचित्र अनुरुप दीगो विकासको लक्ष्य ५ र अन्य लक्ष्यहरुको प्राप्ति तथा महिला एवं बालिकाको सशक्तिकरणसँग सम्बन्धित ५४ वटा सूचकमा उल्लेख्य प्रगतिका लागि यो नीति आवश्यक रहेको छ । राष्ट्रिय लैंगिक समानता नीतिको कार्यान्वयनबाट सार्वजनिक, निजी, सहकारी, गैरसरकारी संस्था एवं सामुदायिक संस्था सबैमालैंगिक संवेदनशिल व्यवहार विकास र लैंगिक मूलप्रवाहीकरण हुने हुँदा प्रष्ट राष्ट्रिय नीति आवश्यक रहेको छ ।

**५.१ दूरदृष्टि (Vision)**

सारभूत लैंगिक समानतायुक्त राष्ट्र निर्माण (Building nation with substantive gender equality)

**५.२ परिदृश्य (Mission)**

आर्थिक सामाजिक रूपान्तरणद्वारा सबै क्षेत्रमा सारभूत लैंगिक समानताको सुनिश्चितता

**६ लक्ष्य (Goal)**

१. कानूनी तथा व्यवहारिक रुपमा महिला तथा पूरुषबीच समान हैसियत स्थापित गर्नु
२. महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरण मार्फत् वि. सं. २०८७ (सन् २०३०) सम्ममा लैंगिक समानता हासिल गर्नु

**७ उद्देश्य :**

१. महिला, बालिका तथा किशोरीहरुको सामाजिक- आर्थिक विकासका बाधक तथा विभेदयुक्त संरचनात्मक अवरोध हटाउने,
२. लैंगिक हिंसाको अन्त्य गर्ने,
३. लैंगिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने
४. महिलाको आर्थिक सशक्तिकरण गर्ने

८. नीति

उद्देश्य १ सँग सम्बन्धित नीति : (महिला, बालिका तथा किशोरीहरुको सामाजिक- आर्थिक विकासका बाधक संरचनात्मक अवरोध हटाउने)

८.१ महिला, बालिका तथा किशोरीलाई प्राप्त मौलिक हक तथा सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढिकरण तथा सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ ।

८.२ सारभूत रुपमा लैंगिक समानता हासिल गर्न संघ, प्रदेश तथा स्थानीय तहका कानून तथा नीतिमा एकरुपता र कार्यक्रममा सामञ्जस्यता कायम गरिनेछ ।

८.३ परिवार, समाज तथा कार्यस्थलमा महिलाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४ परिवार, सार्वजनिक तथा निजी क्षेत्र समेतमा लैंगिकमैत्री समाज निर्माणको मनोविज्ञान विकास गरिने छ ।

उद्देश्य २ सँग सम्बन्धित नीति : (लैंगिक हिंसाको अन्त्य गर्ने)

८.५ लैंगिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

८.६ लैंगिक विभेद र हिंसाको सामाजिक संरचना तथा व्यवहारमा परिवर्तन ल्याइनेछ ।

उद्देश्य ३ सँग सम्बन्धित नीति : (लैंगिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने)

८.७ नीति, योजना तथा कानून निर्माण गर्दा लैंगिक उत्तरदायी नीति अवलम्बन गरिनेछ । यस्तो नीतिलाई अवलम्बन गर्न प्रदेश तथा स्थानीय तहलाई समेत प्रोत्साहन गरिने छ ।

८.८ सार्वजनिक क्षेत्रबाट प्रवाह गरिने सेवालाई लैंगिकमैत्री बनाउने र निजी क्षेत्रलाई समेत लैंगिक मैत्री सेवाप्रवाहका लागि प्रोत्साहित गरिनेछ ।

८.९ महिलालाई राज्यका सबै क्षेत्रमा समान अवसर, पहुँच, प्रतिफल, र लाभ सुनिश्चित गर्न सक्ने गरी सक्षम बनाइनेछ ।

८.१० बालिकाको सर्वाङ्गिन विकासका लागि शिक्षा, स्वास्थ्य, अतिरिक्त कृयाकलाप लगायतका सबै सार्वजनिक क्षेत्रलाई लैंगिकमैत्री बनाइने छ ।

उद्देश्य ४ सँग सम्बन्धित नीति : (महिलाको आर्थिक सशक्तिकरण गर्ने)

८.११ स्थापित श्रम विभाजनको ढाँचामा परिवर्तन गरी अधिकाधिक मात्रामा आय आर्जन हुने क्षेत्रमा महिला सहभागिता वृद्धि गरिने छ ।

८.१२ कृषि तथा गैरकृषि क्षेत्रमा महिलाको रोजगारी तथा आर्थिक उन्नतिलाई अभिवृद्धि गर्न ग्रामिण तथा शहरी क्षेत्रका लागि अलग अलग अलग नीतिद्वारा सम्बोधन गरिनेछ ।

८.१३ महिलाको आर्थिक क्रियाकलापमा व्यवसायिक र सामाजिक जोखिम न्यूनीकरण गरिनेछ ।

८.१४ आर्थिक बृद्धिका क्षेत्र तथा निर्णायक पदहरुमा लैंगिक प्रतिनिधित्व तथा समान पहुँचको नीति अबलम्बन गरिनेछ ।

९. रणनीति तथा कार्यनीति

**(नीति ८.१: महिला, बालिका तथा किशोरीलाई प्राप्त मौलिक हक तथा सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढिकरण तथा सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ ।)**

९.१ कानून निर्माण र कार्यान्वयनमा संलग्न निकायहरूको संरचना तथा कार्यप्रणालीलाई लैंगिक उत्तरदायी बनाउन क्षमता विकास तथा संस्थागत सुदृढिकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

९.२ सार्वजनिक निकायमा रहेका लैगिक सम्पर्क संयन्त्रलाई सुदृढ बनाई लैगिक विषयमा विद्यमान कानून, नीति एवं कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाईने छ ।

९.३ महिला, बालिका तथा किशोरीलाई प्राप्त मौलिक हक स्थापनाका लागि थप कानूनी सुधार गरिनेछ ।

९.४ नीति तथा कानून निर्माणमा संलग्न रहने सबै सरोकारवालाहरूका लागि 'लैंगिक उत्तरदायी कानून निर्माण खाका' तयार गरी अभिमुखीकरण गरिनेछ ।

९.५ लैंगिक समानता सम्बन्धी विशेष कानूनको आवश्यकता बोध गराउन कानून निर्माणमा संलग्न रहने सरोकारवालाहरूका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

९.६ महिला अधिकार, सहभागिता, समानता सशक्तीकरण लगायतका विषयमा जनचेतना जगाई महिला विरुद्धका विभेद र हिंसा अन्त्यका लागि स्थानीय तहमार्फत सामुदायिक संघ संस्था तथा स्थानीय समूहहरुलाई परिचालन गर्नुका साथै राष्ट्रिय तथा स्थानीय छापा एवं विद्युतीय माध्यामबाट व्यापक प्रसार प्रसार गरिनेछ ।

९.७ लैंगिक भूमिका रूपान्तरण सम्बन्धी प्रचार प्रसार सामग्री उत्पादन र वितरण,समुदायमा आधारित संस्था/समूह परिचालन, उदाहरणीय कार्य गर्ने संस्था, समूह, परिवार र व्यक्तिलाई सम्मान लगायतका प्रवर्धनात्मक कार्य गरिनेछ ।

**नीति ८.२: (सारभूत रुपमा लैंगिक समानता हासिल गर्न संघ, प्रदेश तथा स्थानीय तहका कानून तथा नीतिमा एकरुपता र कार्यक्रममा सामञ्जस्यता कायम गरिनेछ ।)**

९.८ राज्यका सबै तह र क्षेत्रका नीति, कार्यक्रम तथा संरचनालाई लैंगिक समानता तथा समानुपातिक समावेशीताका आधारमा निर्माण गरी कार्यान्वियन गरिनेछ।

९.९ संघ, प्रदेश तथा स्थानीय कानून एवं नीतिलाई लैंगिक उत्तरदायी बनाउन र यस्ता कानून तथा नीतिमा एकरुपता कायम गराउन निर्देशिका बनाई कार्यान्वियन गरिने छ ।

९.१० नेपाल सरकारका विषयगत मन्त्रालयहरुमा क्षेत्रगत लैंगिक समानता तथा महिला सशक्तिकरण नीति तथा रणनीति तर्जुमा गरी कार्यान्वियन गर्नुका साथै प्रदेश तथा स्थानीय तहहरुमा यसको विस्तार गरिनेछ ।

९.११ लैंगिक उत्तरदायी स्थानीय कानून तथा नीति एवं कार्यक्रम निर्माणका लागि स्थानीय तहको क्षमता अभिवृद्धि गरिनेछ ।

९.१२ लैंगिक सूचना व्यवस्थापन प्रणाली स्थापना गरी संघ, प्रदेश र स्थानीय तहको एकीकृत लैंगिक सूचना व्यवस्थापन गरिनेछ । नीति निर्माणमा यस्ता सूचनाको उपयोग गरी नीतिलाई तथ्यमा आधारित बनाईनेछ ।

९.१३ संघ, प्रदेश तथा स्थानीय तहमा लैंगिक समानता तथा महिला सशक्तिकरण नीति/रणनीति तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक समन्वय संयन्त्र स्थापना गरि परिचालन गरिनेछ ।

९.१४ बहुविभेदमा परेका सीमान्तकृत, अल्पसंख्यक र प्रतिनिधित्वविहीन वर्गका ग्रामीण महिलाहरूलाई समान अवसर, पहुँच, प्रतिफल, र लाभ प्रत्याभूत गर्न विशेष व्यवस्था मिलाइनेछ ।

**(नीति ८.३ परिवार, समाज तथा कार्यस्थलमा महिलाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।)**

**(नीति ८.४ परिवार, सार्वजनिक तथा निजी क्षेत्र समेतमा लैंगिकमैत्री समाज निर्माणको मनोविज्ञान विकास गरिने छ ।)**

९.१५ परिवार, समाज तथा कार्यस्थलमा महिलाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता कार्यक्रममा खासगरी स्थानीय तहका निर्वाचित महिला नेतृत्व, विद्यालय तथा अभिभावक, टोल सुधार समिति, स्थानीय संघ संस्था, बालक्लब तथा बालबालिकाका संजाल लगायतका स्थानीय संस्थाहरुलाई स्थानीय तह मार्फत् कृयाशिल बनाईने छ ।

९.१६ संचार माध्यमहरु खासगरी श्रव्य-दृश्य संचार माध्यमबाट नियमित रुपमा लैंगिक समानता तथा महिलाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्नुका साथै चलचित्र क्षेत्रलाई पनि सन्देशमूलक सामग्री उत्पादन र प्रदर्शनका लागि प्रोत्साहित गरिने छ ।

९.१७ बालबालिकामा लैंगिक समानता तथा बालिका एवं महिलाप्रति मर्यादित व्यवहार प्रोत्साहन गर्ने कार्टुन निर्माण तथा टेलिभिजनबाट प्रसारणका लागि आवश्यक व्यवस्थापन गरिने छ ।

९.१८ प्राथमिक शिक्षाको पाठ्यक्रममा लैंगिक समानता झल्किने चिन्ह, चित्र, कार्टुन तथा पाठ्यसामग्री समावेश गरी विद्यालय शिक्षाको शुरुदेखि नै लैंगिक समानतालाई प्रवर्ध्दन गरिने छ ।

९.१९ परिवार, समाज तथा कार्यस्थलमा महिलाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्न ग्रामिण तथा शहरी क्षेत्र एवं युवा लक्षित अलग अलग रणनीतिक कार्यक्रम सञ्चालन गरिने छ ।

९.२० लैंगिक समानता अभियानमा संलगन पुरूष र किशोरलाई महिला प्रतिको मर्यादित व्यवहार अभियानमा सहयोगीका रुपमा परिचालन गरिनेछ ।

**(नीति ८.५ लैंगिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।)**

९.२१ कार्यस्थल तथा सार्वजनिक स्थलहरूमा महिला र बालिकामाथि हुने भेदभाव एवं यौनजन्य दुर्वयवहार विरुद्ध विद्यमान कानूनको प्रचार प्रसार गर्नुका साथै कडाईका साथ कार्यान्वयन गरिनेछ ।

९.२२ महिला तथा बालबालिका बिरुद्ध हुने हिंसालाई कानूनी उपचारद्वारा दुरुत्साहन गर्न नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रलाई थप साधन सम्पन्न बनाई आवश्यक पर्ने अनुसन्धान कार्यलाई थप सुदृढ बनाईने छ ।

९.२३ लैंगिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ र यस कार्यमा आफ्नो कर्तब्य बोध नगर्ने, उदासीन रहने र लापरवाही गर्ने सम्बन्धित पदाधिकारी जिम्मेवार बनाउन दण्ड र पुरस्कारको नीति प्रभावकारी बनाईनेछ ।

९.२४ हिंसा पीडित/प्रभावित महिला तथा बालिकाहरूको लागि सुरक्षा, संरक्षण तथा पुनर्स्थापनाका न्यूनतम मापदण्डयुक्त संरक्षण गृहहरू संघ, प्रदेश र स्थानीय तहबीच समन्वयमा आवश्यकता अनुसार सञ्चालन गरिनेछ र यसमा गैरसरकारी संघ संस्था समेतको साझेदारीलाई प्रोत्साहन गरिनेछ।

९.२५ सबै प्रकारका लैंगिक हिंसा विरुद्ध समुदाय, नागरिक समाज तथा गैरसरकारी संस्था समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ।

९.२६ लैंगिक हिंसा निवारणका लागि सामाजिक जागरणको अभियान संचालन गरिनेछ। यस कार्यमा सामाजिक संघ संस्था, नागरिक समाज तथा गैरसरकारी संस्थाको सकृय सहभागिता रहनेछ।

९.२७ बढ्दो साइबर अपराधका विषयमा किशोरी तथा महिलालाई बढी भन्दा बढी जानकारी प्रदान गरी सुसूचित गराउँदै लैंगिक हिंसाको जोखिम न्यूनिकरण गर्नुका साथै यस्ता अपराधमा शुन्य शहनशिलता अपनाइने छ।

९.२८ हिंसा प्रभावित महिलाको आर्थिक सशक्तीकरणका लागि आवश्यकता अनुसार तालिम तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ र यस कार्यमा आवश्यकता अनुसार गैर सरकारी संस्थासँग साझेदारी गरिने छ।

९.२९ लैंगिक हिंसा निवारणमा कृयाशिल संघ संस्था, समूह र परिवारलाई प्रोत्साहन गर्नुका साथै आवश्यकता अनुसार अभियानमा साझेदारी समेत गरिने छ।

९.३० लैंगिक हिंसा निवारणमा उल्लेखनीय र सकृय भूमिका निर्वाह गर्ने संस्था, समूह र परिवारलाई सम्मान र पुरस्कृत गरिनेछ।

**(नीति ८.६ लैंगिक विभेद र हिंसाको सामाजिक संरचना तथा व्यवहारमा परिवर्तन ल्याइनेछ )**

९.३१ महिनावारीलाई छुवाछुतका रुपमा लिने समुदाय विशेषको अभ्यासलाई लैंगिक विभेद र हिंसाको भएको संदेश प्रचार प्रसार गर्नुका साथै यस्तो अभ्यासको अन्त्यका लागि सामाजिक जागरणको अभियान सञ्चालन गर्नुका साथै कानूनी उवचारलाई सशक्त बनाईनेछ

९.३२ मुकुकका केही भागमा व्याप्त छाउपडी प्रथालाई लैंगिक विभेद र हिंसाको भएको संदेश प्रवाह गरी सामाजिक सचेतना फैलाउनबाल क्लब/सञ्जाल, युवा क्लब, किशोरी समूह, धार्मिक संजाल समूह लगायत समुदायमा आधारित संस्थाहरुलाई परिचालन गर्नुका साथै कानूनी उपचारलाई सशक्त बनाईने छ।

९.३३ आधारभूत विद्यालय शिक्षामा महिनावारीको वैज्ञानिकता तथा विद्यमान अन्धविश्वास र यस समयमा परिवारभित्र अभिभावकबाट अपेक्षित व्यवहारका विषयमा बालबालिकालाई ज्ञान प्रवाह गरी लैंगिक विभेद र हिंसाको सामाजिक संरचना तथा व्यवहारमा परिवर्तन गर्ने बलियो आधार तयार गरिनेछ।

**(नीति ८.७ नीति, योजना तथा कानून निर्माण गर्दा लैंगिक उत्तरदायी नीति अवलम्बन गरिनेछ। यस्तो नीतिलाई अवलम्बन गर्न प्रदेश तथा स्थानीय तहलाई समेत प्रोत्साहन गरिने छ।)**

९.३४ संघ, प्रदेश तथा स्थानीय तहका नीति, योजना तथा कानून निर्माणलाई लैगिक उत्तरदायी बनाउन आवश्यक निर्देशिका तयार गरी जारी गरिनेछ ।

९.३५ प्रदेश र स्थानीय लैंगिक समानता नीति कार्यान्वयन गर्न सम्बन्धित शासकीय तहको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

९.३६ संघ, प्रदेश तथा स्थानीय तहमा कानून निर्माणका लागि संलग्न पदाधिकारी तथा सरोकारवालाहरुलाई लैंगिक सम्वेदशीलता, लैंगिक रुपान्तरण र लैंगिक उत्तरदायी प्रकृयाबारे अभिमूखीकरण गरिनेछ ।

९.३७ सार्वजनिक निकायहरुमा क्षेत्रगत लैंगिक समानता तथा महिला सशक्तिकरण नीति/रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

९.३८ लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई मुलुकका सबै शासकीय तहमा कार्यान्वयन गरिनेछ ।

९.३९ लैङ्गिक उत्तरदायी बजेट विनियोजन र कार्यान्वयन बारे वित्तीय तथा सामाजिक लैङ्गिक परीक्षण अनिवार्य गरिनेछ ।

९.४० सार्वजनिक निकायमा रहेका लैगिक सम्पर्क संयन्त्रको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै यस्ता संयन्त्र नभएका निकायमा संयन्त्र स्थापना गरि प्रशिक्षित गरिनेछ ।

९.४१ सार्वजनिक तथा निजी क्षेत्रका लागि कार्यस्थलमा लैंगिक समानता आचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ र आवश्यकता अनुसार अनुगमनको व्यवस्था मिलाई कार्यान्वयनलाई प्रभावकारी बनाइने छ ।

९.४२ संघ, प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार लैंगिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी स्रोतकेन्द्रको स्थापना गरि सञ्चालन गरिनेछ ।

९.४३ राष्ट्रिय गणना तथा सर्वेक्षणमा गरिने खण्डिकृत लैंगिक तथ्याङ्क संकलन र विश्लेषणलाई दीगो विकासका लक्ष्यको प्रगति विश्लेषण समेत गर्न सकिने गरी परिष्कृत र थप क्षेत्रमा विस्तार गरी नीति, योजना तथा कानून निर्माणलाई तथ्यमा आधारित बनाइने छ ।

९.४४ खण्डीकृत तथ्याङ्क सहितको लैंगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी संघ, प्रदेश तथा स्थानीय तहसम्म विस्तार गरिने छ । यस्तो प्रणालीलाई अनलाईन प्रणालीको रुपमा विकास गरी अद्यावधिक गर्ने र सबै सरोकारवालाको लैंगिक सूचनामा सहज पहुँको व्यवस्था मिलाइने छ ।

९.४५ संघ, प्रदेश तथा स्थानीय तहमा नीति निर्माणका लागि लैंगिक विषय विज्ञ समूहको सेवा लिने परिपाटी बसाइ नीति निर्माणलाई बढी भन्दा बढी लैंगिक उत्तरदायी बनाइने छ ।

**(नीति ८.८ सार्वजनिक क्षेत्रबाट प्रवाह गरिने सेवालाई लैंगिकमैत्री बनाउने र निजी क्षेत्रलाई समेत लैंगिक मैत्री सेवाप्रवाहका लागि प्रोत्साहित गरिनेछ ।)**

९.४६ सार्वजनिक तथा निजी क्षेत्रका पदाधिकारीलाई लैंगिक समानता तथा लैंगिक हिंसाका आधारभूत विषयमा अभिमुखिकरण गरी सेवाप्रवाहलाई लैंगिकमैत्री बनाउने व्यवहारिक ज्ञान प्रदान गरिने छ ।

९.४७ निजी क्षेत्रको सेवाप्रवाहलाई लैंगिकमैत्री बनाउने विषयलाई सार्वजनिक क्षेत्र, निजी क्षेत्र तथा ट्रेड यूनियनको त्रिपक्षीय बैठकमा आवश्यकता अनुसार छलफल चलाई तीनवटै पक्षलाई लैगिक संवेदनशिल बनाईने छ ।

९.४८ लैंगिक समानता र लैंगिकमैत्री व्यवहारबारे खुला छलफल प्रोत्साहित गरिने छ र यस कार्यमा पुरुष अभियन्ता र महिला, किशोरी एवं यौनिक तथा लैंगिक अल्पसख्यक पैरवीकर्ता समेतको विकास, सञ्जालीकरण र परिचालन गरिनेछ ।

**(नीति ८.९ महिलालाई राज्यका सबै क्षेत्रमा समान अवसर, पहुँच, प्रतिफल, र लाभ सुनिश्चित गर्न सक्ने गरी सक्षम बनाइनेछ ।)**

९.४९ महिलालाई राज्यका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व र समान अवसरको संवैधानिक हकलाई स्थापित गर्ने विद्यमान कानूनको कार्यान्वयन गर्नुका साथै थप कानूनी सुधारलाई निरन्तरता दिईनेछ ।

९.५० सार्वजनिक क्षेत्रमा हुने सबै मनोनयन एवं नियुक्तिमा लैंगिक समानता तथा समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गरिनेछ ।

९.५१ वि. सं. २०८७ (सन् २०३०) सम्ममा सवै राजनैतिक तथा संबैधानिक निकाय लगायत सबै नियुक्तिहरुमा समानताको लक्ष्य हासिल हुने पद्धति अवलम्वन गरिनेछ ।

९.५२ महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धिका अवसरमा सकरात्मक विभेदको नीति कार्यान्वयन गरिनेछ ।

**(नीति ८.१० बालिकाको सर्वाङ्गिन विकासका लागि शिक्षा, स्वास्थ्य, अतिरिक्त कृयाकलाप लगायतका सबै सार्वजनिक क्षेत्रलाई लैंगिकमैत्री बनाइने छ ।)**

९.५३ महिलाको आत्मविश्वास अभिवृद्धि गर्न बाल्य अवस्था देखि नै शिक्षा, स्वास्थ्य तथा अतिरिक्त कृयाकलाप जस्ता व्यक्तित्व विकासका क्षेत्रलाई लैगिकमैत्री बनाउने गरी सूचना तथा सेवामा सहज पहुँच, भेदभावजन्य व्यवहारलाई निरुत्साहन, बालिकाप्रति बालकमा समानताको दृष्टिकोण विकास जस्ता सेवाजन्य एवं व्यवहारजन्य कृयाकलाप सञ्चालन गरिने छ ।

**(नीति ८.११ स्थापित श्रम विभाजनको ढाँचामा परिवर्तन गरी अधिकाधिक मात्रामा आय आर्जन हुने क्षेत्रमा महिला सहभागिता वृद्धि गरिने छ ।)**

९.५४ महिला संलग्न रहने घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक मूल्य गणना गरी राष्ट्रिय अर्थतन्त्रमा महिलाको योगदानको गणना गरिनेछ ।

९.५५ घरेलु कामकाज, हेरचाह कार्य र अभिभावकीय भूमिकामा महिला र पुरूषको समान भूमिकालाई प्रबर्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९.५६ महिलाहरूलाई औपचारिक क्षेत्रको रोजगारी उन्मूख गराउन, घरेलु तथा हेरचाहजन्य कार्यबोझ घटाउन समय वचत गर्ने प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

९.५७ महिला पुरुषबीच स्थापित श्रम विभाजनका विकल्पमा महिला पुरुषबीच श्रमको समान बाँडफाँड एवं श्रमप्रतिको सम्मान गर्ने परिपाटी बसाउन विद्यालय शिक्षा, संचार माध्ययमा

चेतनामूलक सूचना प्रवाह एवं बहस, सामाजिक अभियान आदिजस्ता कार्यक्रमलाई प्रोत्साहन गरी क्रमशः सुधार गरिने छ ।

**(नीति ८.१२ कृषि तथा गैरकृषि क्षेत्रमा महिलाको रोजगारी तथा आर्थिक उन्नतिलाई अभिवृद्धि गर्न ग्रामिण तथा शहरी क्षेत्रका लागि अलग अलग अलग नीतिद्वारा सम्बोधन गरिनेछ ।)**

९.५८ कृषि उत्पादनको आर्थिक गणनामा ग्रामिण महिलाको र औपचारिक एवं अनौपचारिक क्षेत्रमा महिलाको योगदानको अलग्गै गणना गरी राष्ट्रिय अर्थतन्त्रमा महिलाको योगदानलाई अलग्गै गणना गर्ने परिपाटी अंगिकार गरिने छ ।

९.५९ ग्रामिण महिलाका लागि व्यवसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम विकास जस्ता व्यवसायिक एवं सीप विकास तथा शहरी क्षेत्रका महिलाका लागि सेवामूलक सीप एवं परम्परागत रुपमा पुरुषद्वारा सञ्चालित पेशासँग सम्बन्धित व्यवसायिक एवं सीप विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

९.६० कृषि, पशुपालन, सहकारी, वन, वातावरण संरक्षण, महिला विकास लगायतका कार्यक्रममा स्थानीय तह मार्फत् ग्रामिण महिलाको पहँुच, अवसर र लाभसुनिश्चित गरिनेछ ।

९.६१ ग्रामिण तथा शहरी क्षेत्रका महिला उद्यमीद्वारा उत्पादित वस्तुहरुको संकलन भण्डारण तथा वजार व्यवस्थापन, गुणस्तर परीक्षण एवं अन्य प्रवर्द्धनात्पक उपायद्वारा राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा वजारीकरण एवं प्रर्दशनी गरिनेछ ।

९.६२ विपन्न तथा सीमान्तीकृत ग्रामिण एवं शहरी महिलाका लागि विशेष संरक्षणात्मक एवं जिविकोपार्जनका कार्यक्रम सञ्चालन गरिने छ ।

**(नीति ८.१३ महिलाको आर्थिक क्रियाकलापमा व्यवसायिक र सामाजिक जोखिम न्यूनीकरण गरिनेछ ।)**

९.६३ महिलाद्वारा प्रवर्धित उद्योग व्यवसाय दर्ता गर्दा विशेष सहुलित तथा व्यवसायको वीमामा सहुलियतपूर्ण प्रिमियमको व्यवस्था गर्नुका साथै महिला उद्यमशीलता कोषको प्रवर्द्धन र परिचालन गरिनेछ ।

९.६४ महिलाको आर्थिक क्रियाकलापमा व्यवसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सहज सूचना प्रवाहको व्यवस्था मिलाइने छ ।

**(नीति ८.१४ आर्थिक बृद्धिका क्षेत्र तथा निर्णायक पदहरुमा लैंगिक प्रतिनिधित्व तथा समान पहुँचको नीति अबलम्बन गरिनेछ ।)**

९.६५ महिला अर्थशास्त्रीहरुको प्रोफाइल तयार गरी आर्थिक वृद्धिका क्षेत्रमा महिलाको अवसर वृद्धिका कार्यमा नेतृत्वदायी भूमिकामा सेवा लिने परिपाटीको विकास गरिने छ ।

९.६६ स्वदेशी पुँजी बजार,व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीको साथै संपूर्ण आर्थिक क्षेत्रमा महिला सहभागिता अभिबृद्धि गरी क्रमशः निर्णायक तहमा पुर्याउन सकारात्मक विभेदको नीति अबलम्बन गरिनेछ ।

यो नीतिको कार्यान्वयन गर्दा यौनिक तथा लैंगिक अल्पसंख्यकलाई समेत नीतिको कार्यान्वयनमा समान व्यवहार गरिने छ भने अपाङ्ता भएका बालिका, किशोरी एवं महिला तथा यौनिक एवं लैंगिक अल्पसंख्यकका लागि विशेष व्यवस्था मिलाइने छ ।

## ११. संस्थागत संरचना

११.१ लैंगिक समानता सम्बन्धी नेपालको संविधानका व्यवस्था तथा विद्यमान कानूनी प्रावधानहरुहरुको कार्यान्वयनको अनुगमन, थप कानूनी सुधार एवं यस नीतिका उद्देश्य, नीति, रणनीति तथा कार्यनीनितको अनुगमन गरी कार्यान्वयनलाई प्रभावकारी बनाउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको संयोजकत्वमा देहाय अनुसारको लैंगिक समानता राष्ट्रिय निर्देशन समितिले कार्य गर्नेछ ।

| | |
|---|---|
| माननीय मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संयोजक |
| माननीय सदस्य, महिला तथा सामाजिक समिति , प्रतिनिधि सभा | सदस्य |
| माननीय सामाजिक विकास मन्त्री, प्रदेश सरकार (सबै प्रदेश) | सदस्य |
| माननीय सदस्य (लैंगिक मामिला हेर्ने), राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव (लैंगिक मामिला हेर्ने), प्रधान मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सदस्य |
| सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| सचिव, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय | सदस्य |
| सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल नगरपालिका संघ | सदस्य |
| अध्यक्ष, गाउँपालिका महासंघ, नेपाल | सदस्य |
| सदस्य, लैंगिक विज्ञ (२ जना) | सदस्य |
| सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य सचिव |

११.२ प्रदेश तथा स्थानीय तहले यस नीतिको कार्यान्वयनका लागि आ-आफ्नो छुट्टै निर्देशन तथा अनुगमन समिति गठन गर्नेछ ।

## १२. आर्थिक पक्ष

१२.१ राष्ट्रिय लैंगिक समानता नीति कार्यान्वयनका लागि लाग्ने श्रोत साधन व्यवस्था राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको नियमित बजेट प्रणालीबाट विनियोजन हुने व्यवस्था अंगिकार गरिनेछ ।

१२.२ नेपाल सरकारको स्वीकृति लिई संघ स्तरीय सार्वजनिक निकाय, प्रदेश सरकार तथा स्थानीय तहले यो नीतिको कार्यावन्यका लागि वैदेशिक सहायता परिचालन तथा स्रोत व्यवस्थापन गर्न सक्नेछ ।

## १२. कानूनी व्यवस्था

राष्ट्रिय लैंगिक समानता नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन कानूनको व्यवस्था गर्न आवश्यकतानुसार ऐन कानुनहरु निर्माण तथा परिमार्जन गरिनेछन् । साथै कार्यविधि र दिग्दर्शन तर्जूमा गरी यस नीतिको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।

## १३. अनुगमन तथा मूल्यांकन

१३.१ नीतिको कार्यान्वयनको समिक्षा तथा समसामयिक परिमार्जन समेतका लागि राष्ट्रिय निर्देशन समितिको वर्षमा सामन्यतया दुईवटा बैठक बस्ने छ

१३.२ प्रदेश सरकार तथा स्थानीय तहका निर्देशन तथा अनुगमन समितिले नीति कार्यान्वयनको अनुगमन गरी समीक्षा गरी कार्यान्वयनमा आवश्यक सुधार गर्नेछ।

१३.३ प्रदेश सरकारले स्थानीय तहबाट नीति कार्यान्वयनको अनुगमन प्रतिवेदन लिने, आफैंले अनुगमन गर्ने तथा स्थानीय तहको अनुगमन प्रतिवेदन समेतका आधारमा स्थानीय तहको अवस्था समेत देखिने गरी प्रदेशको एकीकृत प्रतिवेदन तयारी गर्ने र राष्ट्रिय लैंगिक समानता निर्देशन समिति समक्ष वार्षिक प्रतिवेदन बुझाउने छ।

## १४. सम्भावित जोखिम र न्यूनीकरण योजना

१४.१ यस नीतिको प्रकृति र स्वरुप बृहद तथा साझा सरोकारको विषय भएकोले देहयका जोखिम हुन सक्ने अनुमान गरिएको छ :-

- १४.१.१ लैंगिक समानता सम्बन्धी साझा बुझाईमा एकरुपता नहुन सक्ने
- १४.१.२ लैंगिक समानता नीति कार्यान्वयनमा ज्ञान प्राप्त, क्षमतावान र दक्ष जनशक्ति तथा वित्तीय स्रोत सिमित हुन सक्ने।
- १४.१.३ बहुपक्षीय सरोकारको विषय भएकोले समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

१४.२ उपर्युक्त जोखिम न्यूनीकरण लागि देहाय अनुसार गरिनेछ ।

- १४.२.१ नीति कार्यान्वयनका श्रोत साधन र जिम्मेवार निकाय सहितको कार्यान्वयन कार्ययोजना तथा अनुगमन तथा मूल्यांकन योजना तर्जुमा गरिनेछ।
- १४.२.२ संघ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ लैंगिक सवालहरु बारे ज्ञान दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ।
- १४.२.३ राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसंग समन्वय गरी श्रोत साधनको परिचालन गरिनेछ।
- १४.२.४ लैंगिक समानताबारे मन्त्रालयमा विद्धत वर्ग, प्राज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरुको विचारक समूह निर्माण गरी समस्या समाधानका साथै असल अभ्यासहरु अबलम्वन गरिनेछ ।